annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०२, पृष्ठ ८ | काठमाडौं, शनिबार १३ मंसिर २०८२ | मार्ग शुक्लपक्ष नवमी, नेपाल संवत् ११४६ | SATURDAY, NOVEMBER 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

आयुर्वेदप्रति आकर्षण, सरकारको बेवास्ता

पाँच आर्थिक वर्षमा लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवलबाट सेवा लिएका सेवाग्राही



व्यस्त जीवनशैली र अस्वस्थकर खानपिनले मानव स्वास्थ्य दिन प्रतिदिन बिग्रँदै गएको छ। त्यसैकारण पछिल्लो समय सर्वसाधारणको उपचारको रोजाइमा जडीबुटीबाट निर्मित औषधी पर्न थालेका छन्। देशका विभिन्न जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रमा नागरिकहरू उपचारका लागि पुग्ने गरेका छन्। एन्टिबायोटिक औषधीको सेवन गर्न नपर्ने र स्वास्थ्यलाई पनि राम्रो हुने भएपछि आमनागरिक यसतर्फ आकर्षित हुँदै गएका छन्। तर, आमनागरिकको रोजाइमा परे पनि यसतर्फ सरकारको भने चासो देखिएको छैन। सरकारले पठाएको बजेटबाट देशभरका आयुर्वेद स्वास्थ्य केन्द्रहरूले चार महिनालाई पनि पुग्ने गरी औषधी खरिद गर्न पाउँदैनन्। नागरिकलाई चाहेर पनि बजेट अभावमा गुणस्तरीय सेवा दिन नसकिएको सम्बन्धित जिल्लामा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीहरूले गुनासो गरेका छन्।

केशरराज क्षेत्री, गंगा खड्का | *बुटवल* – को रिपोर्ट

समाचार पृष्ठ २

भित्री पृष्ठ



हे एआई ! है ... - पृष्ठ ३

स्वर्गद्वारी : स्वर्गको एक टुक्रा - पृष्ठ ४

कांग्रेसमा सहमति जुटाउन अघि सरे देउवा

राधा खनाल | *काठमाडौं*

कांग्रेस सभापति शेरबहादुर देउवाले सहमतिमा अघि बढ्न नेताहरूलाई सुझाव दिएका छन्। सिंगापुरबाट उपचार गरेर फर्केका देउवाले महाधिवेशनबारे पार्टीमा विवाद पेचिलो बन्दै गएपछि सहमतिको प्रयासका लागि छलफललाई तीव्रता दिएका छन्।

जेन–जी आन्दोलनपछि देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए। तर, पार्टीमा अझै पनि विशेष महाधिवेशन कि नियमित तथा चुनाव अघि कि चुनाव पछि गर्ने भन्ने विवाद चर्किँदै गएको छ। त्यही विवादका कारण केन्द्रीय कार्यसमितिको बैठक मंसिर ६ यता बस्न सकेको छैन।

कार्यवाहकको जिम्मेवारी पाएका खड्काले महाधिवेशनमा सहमति नजुटेसम्म केन्द्रीय कार्यसमिति बैठक नबस्ने स्पष्ट गरेका छन्। खड्काले बिहीबार राति पार्टीमा सर्वसम्मत निर्णय गर्ने अवस्था नआएसम्म केन्द्रीय कार्यसमितिको बैठक सारिरहने भन्दै सामाजिक सञ्जालमा पोस्ट गरे। शुक्रबार तय गरिएको बैठक सार्नु परेकोमा माफी माग्दै खड्काले लेखेका छन्, 'माफ पाऊँ सबैसँग

बैठक सारेकोमा गाली सबैले मलाई गर्नुसु जसले गाली गर्न डिजर्ब गर्नुहुन्छ। जबसम्म सर्वसम्मत निर्णय गर्ने अवस्था बन्दैन म बैठक सारिरहन्छु। म कार्यवाहक रहेसम्म।'

त्यसपछि शुक्रबार बिहानैदेखि सभापति देउवाले नेतासँगको छलफललाई तीव्रता दिए। संस्थापन एवं देउवा पक्ष फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचनअघि पार्टीको महाधिवेशन सम्पन्न गर्न कठिन हुने तर्क गर्दै आएको छ। तर महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्ष भने नयाँ नेतृत्व चयन गरेर मात्रै चुनावमा जानुपर्ने अडानमा छ।

» बाँकी पृष्ठ ६

तालिवानले पढ्न नदिएकी अदिबालाई अस्ट्रेलियामा अन्तर्राष्ट्रिय शिक्षा पुरस्कार

फाइनल लिस्टमा २ नेपाली विद्यार्थी

जे पाण्डे | *अस्ट्रेलिया*

अफगानिस्तानकी छात्रा अदिबा इरफान जब सर्वोकृष्ट भिक्टोरियन अन्तर्राष्ट्रिय शिक्षा पुरस्कार ग्रहण गर्दै थिइन्, मनमा भविष्यका अनगिन्ती ढोकाहरू खुल्दै थिए। खुसी र उत्साहबीचको त्यो क्षणले सम्पूर्ण संघर्ष र सपना पूरा गर्ने विशाल विश्वास र आशा जगाएको थियो। तर, यहाँसम्म आइपुग्न अनगिन्ती चुनौती चिर्दाको क्षण सम्झँदा अदिबा निकै भावुक भइन्।

एकातिर, 'न्युरो सर्जन र शोधकर्ता बन्ने' अठोटसँगै दृढता। अर्कोतिर तालिवानले शिक्षामा लगाएको प्रतिबन्धको पीडादायी सम्झनाले उनको मनमा द्वन्द्व उत्पन्न गरेको थियो। सफल र सुन्दर भविष्यको आकांक्षा र असम्भव जस्तो लाग्ने संघर्षका बीच अदिबाको यात्रा केबल पुरस्कारको जितभन्दा बढी थियो, हिम्मत र विश्वासको विजय।

तालिवानको आदेशमा 'हाउस अरेस्ट' अर्थात् घरभित्रै बस्नुपर्ने बाध्यात्मक अवस्था र महिलालाई शिक्षामा लगाइएका कडा प्रतिबन्ध चिरेर देखेका सपना पूरा गर्न आमाले दिएको साथ समर्थन र आफूले भोगेको कठोर संघर्षको कथा सुनाउँदा, त्यहाँ उपस्थित धेरैका आँखा रसाएका थिए।

भिक्टोरिया राज्यका क्षमतावान् विद्यार्थीअगाडिको मञ्चमा उभिएर अदिबा बिदेसिनुका कारण सुनाउँदै थिइन्, 'पढ्ने नपाएपछि मैले आमालाई मेरो किड्नी बेचेर भए पनि अमेरिकाको युनाइटेड स्टेट्स मेडिकल लाइसेन्सिङ एक्जाम दिन्छु भनें। आमा मान्नुभएन। बरु भन्नुभयो तिमी भर्खरकी छौ। मेरो किड्नी बेच्छु। तिम्रो जीवन धेरै लामो छ। किड्नी कसरी बेच्ने?'

अदिबाले पुरस्कार समारोहलाई स्तब्ध तुल्याउँदै आमा र आफूबीचको पढ्ने र पढाउने चाहनासहित योजनाको थप रहस्य खोल्दै भनिन्, 'आमाले म तिमीलाई मेरो जीवनको मूल्य दिनेछु। पढाइका लागि संघर्ष गर्नेछु भन्नुभयो। त्यो रात हामी धेरै समयसम्म सँगै बसेर रोयौं। भाग्यले मलाई मेलबर्न ल्यायो र यहाँसम्म पुग्न सकें।'

शिक्षा प्राप्तिका लागि एउटी अफगानी छात्रा र उनकी आमाको संघर्षको यस्तो कष्टकर तथा मर्मस्पर्शी तथ्य सुन्नेबित्तिकै सम्पूर्ण अन्तर्राष्ट्रिय विद्यार्थीहरू, विश्वविद्यालयका प्रोफेसर र भिक्टोरिया राज्यका अर्थमन्त्रीसमेत जुरुक्क उठेर अदिबा, उनकी आमा एवं धेरै अफगानी महिलाप्रति सम्मानसँगै सहानुभूति व्यक्त गरे। कठोर सामाजिक र राजनीतिक बन्धनमा बाँधिएका अफगानी महिलासँगै विश्वभरका युवतीहरूका लागि उनी प्रेरणादायी उदाहरण बनेकी छिन्।

» बाँकी पृष्ठ ६